SURYA LIFE

# सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# सातौं बार्षिक साधारण सभाको
# कामकारवाहीको विवरण
# (माईन्युट)

:

**१. बैधानिक सभा**

सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सातौं वार्षिक साधारणसभा कम्पनीका संचालक श्री महेश कुमार अग्रवालज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभा भएको मिति, स्थान र समय :**

**मिति:** २०७२/०६/२२ (तद्नुसार ९ अक्टुवर २०१५) शुक्रवार

**स्थान:** उद्योग संगठन मोरङ्गको सभाकक्ष, शहिदमार्ग, तीनपैनी, विराटनगर

समय : बिहान ११:०० वजे

**३. सभाको सूचना प्रकाशन**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभाको सूचना, अध्यक्षज्यूको मन्तव्य, आ.व. २०७०।७१ को लेखापरीक्षण सहितको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सभाको पहिलो सूचना मिति २०७२/०५/२८ गते अभियान राष्ट्रिय दैनिक र दोश्रो सूच्ना मिति २०७२/०६/१३ गतेको अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

**४. छलफलका बिषयहरु**

**(क) साधारण प्रस्ताव :**

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहित २०७१ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७०/०७१ को नाफा/ नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु माथि छलफल गरि पारित गर्ने ।
३. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७१/०७२ को लागि लेखा परिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । ( वर्तमान लेखा परिक्षक बेकर टिल्ली देव एशोसिएट्स चार्टड एकाउण्टेण्ट पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।
४. सर्वसाधारण शेयरधनी ( समुह ख) बाट प्रनिनिधित्व गर्ने १ ( एक) जना संचालकको निर्वाचन गर्ने ।
५. संचालक समितिका पदाधिकारीहरुलाई पत्रपत्रिका र मोवाईल खर्च बापत मासिक रुपमा रु. ६,०००।- उपलब्ध गराउने प्रस्ताव पारित गर्ने ।

ख. **विशेष प्रस्ताव :**

१. कम्पनीको अधिकृत पुंजी रु ५०,००,००,००० ( पचास करोड ) रहेकोमा सो अधिकृत पुंजीलाई बृद्धि गरि रु २,००,००,००,००० ( दुई अर्व ) कायम गर्ने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संसोधन गर्ने ।

२. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ४:१ अर्थात ४ शेयर बराबर १ हकप्रद शेयर निश्कासन गर्ने प्रस्ताव पारित गर्ने । उक्त हकप्रद शेयर निश्कासन पश्चात हुने शेयर संरचना बमोजिम जारी तथा चुक्ता पूंजीलाई तद्अनुरुप बृद्धि गरि रु. ६२,५०,००,०००।- (बैसट्ठी करोड पचास लाख) कायम गर्ने र सो अनुरुप कम्पनीको प्रबन्धपत्रमा संसोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. कम्पनीको संचालक समितिमा संस्थापक समूहबाट ४ जना, सर्वसाधारण समूहबाट २ जना र १ जना स्वतन्त्र संचालक रहने गरि ७ जनाको संचालक समिति कायम गर्ने प्रस्ताव पारित गर्ने र सोही बमोजिम नियमावलीमा संसोधन गर्ने ।

४. बिशेष प्रस्तावको बुँदा नं १, २ र ३ मा उल्लेख भए बमोजिमका प्रावधानहरु कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संसोधनका लागि नियमनकारी निकायबाट कुनै संसोधन वा फेरबदल गर्न सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक संसोधन वा फेरबदल सम्बन्धी सम्पूर्ण आवश्यक कार्य गर्नका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गर्ने ।

ग. विविध: अध्यक्षज्यूको अनुमती अनुसार ।

**५. सभामा उपस्थिति**

**५.१ संचालक समितिका पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री महेश कुमार अग्रवाल | संचालक |
| २. | श्री हेमन्त नाहाटा | संचालक |
| ३. | श्री गंगा प्रसाद शर्मा | स्वतन्त्र संचालक |

**५.२ अन्य पदाधिकारीहरुको उपस्थिती**

| | | |
|---|---|---|
| १. | श्री राकेश पोखरेल | सहायक महाप्रबन्धक |
| २. | श्री दिनेश अमात्य | सहायक महाप्रबन्धक |
| ३. | श्री ईश्वर कुमार सेडाई | कम्पनी सचिव |

**५.३ शेयरधनिहरुको उपस्थिती**

| | | |
|---|---|---|
| १. | स्वयं उपस्थित हुने शेयरधनिहरुको संख्या : | ८ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनिको संख्या : | ५६ |
| ३ | जम्मा उपस्थित संख्या : | ६४ |

६. सभाको बैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐनको दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरि कम्तीमा ३ जना शेयरधनिको उपस्थिती हुनु पर्ने व्यवस्था भए अनुसार कम्पनीको सातौं बार्षिक साधारण सभामा राखिएको शेयरधनिहरुको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनिहरुको संख्या ८ जना भएको र प्रोक्सी मार्फत ५६ गरि कुल शेयरको ६६.६३ प्रतिशत

प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानुन अनुसार सातौं बार्षिक साधारण सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी ऐन तथा कम्पनी नियमावलीमा व्यवस्था भए अनुसार सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूको अनुपस्थितीमा संचालक समितिले मनोनित गरेका संचालक श्री महेश कुमार अग्रवालज्यूले सभाको अध्यक्षता ग्रहण गर्दै बिहान ११:०० बजे कम्पनी सचिवलाई सभाको कामकारवाही अगाडी बढाउन अनुरोध गर्नुभयो ।

६.३ सभामा सहायक महाप्रबन्धक श्री राकेश पोखरेलले उपस्थित सबै शेयरधनि महानुभावहरुलाई स्वागत गर्नुभयो ।

## ७. बार्षिक साधारणसभाको प्रस्तुति

सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनि महानुभावहरुलाई स्वागत गर्दै पूर्व निर्धारित छलफलको बिषय सूचिमा उल्लेख गरिएका आ.व.२०७०।७१ को संचालक समितिको प्रतिवेदन पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो । यसैगरि सभा समक्ष लेखापरिक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्त वासलात, आ.व. २०७०।७१ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव र नगद प्रवाह विवरण सहितका सम्पूर्ण वित्तिय विवरणहरु छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

## ८. शेयरधनिहरुबाट प्राप्त सुझाव र सो को जवाफ

८.१ सभामा उपस्थित शेयरधनि महानुभावहरुले कम्पनीको बार्षिक प्रतिवेदन तथा लेखा परिक्षण विवरण समेतमा बिभिन्न सुझाव र जिज्ञासा राख्नु भएको थियो ।

**श्री भगवती प्रसाद अग्रवाल**

श्री भगवती प्रसाद अग्रवालले कम्पनीले आगामी दिनमा अझ सशक्त रुपमा व्यवसाय बिस्तार गर्नु पर्ने र कम्पनीको मुनाफा बढाई लगानिकर्तालाई उचित प्रतिफल दिनुपर्ने सुझाव दिनुभयो । उँहाले कम्पनीका कामकारवाहीलाई प्रभावकारी बनाउदै कम्पनीको व्यवसायिक अवस्था सुधार गर्नका लागि व्यवस्थापन र संचालक समितिले बिशेष ध्यान दिनु पर्ने सुझाव दिनुभयो ।

८.२ सभामा शेयरधनि श्री भगवती प्रसाद अग्रवाल र अन्य शेयरधनिहरुले उठाउनु भएको सुझाव एवं जिज्ञासाहरुलाई सभाका अध्यक्षज्यूले जवाफ दिदै कम्पनीले आगामी दिनमा शेयरधनिहरुको सुझावलाई मध्यनजर गरि अगाडि बढ्ने र कम्पनीको व्यवसायिक स्तर बृद्धि गर्न योजनाबद्ध रुपमा अगाडि बढ्ने जानकारी गराउनुभयो ।

## ९. सभाको निर्णय :

**(क) साधारण प्रस्तावतर्फ**

**१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०७०।७१ को संचालक समितिको प्रतिवेदन सभाका अध्यक्षज्यूले अनुमोदनका लागि सभा समक्ष पेश गर्नु भएकोमा सभाले सर्वसम्मतीबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्‍यो ।

लेखा परिक्षकको प्रतिवेदन सहित २०७१ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७०/०७१ को नाफा/ नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु परित गरियोस् भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तिय विवरणहरु सर्व सम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

३. **लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७१/०७२ को लागि लेखा परिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । ( वर्तमान लेखा परिक्षक बेकर टिल्ली देव एशोसिएट्स चार्टड एकाउण्टेण्ट पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।**

लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७१/०७२ को लागि लेखा परिक्षकको नियुक्ती गरि निजको पारिश्रमिक निर्धारण गर्नका लागि सभाका अध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७१/०७२ को लागि लेखा परिक्षकमा श्री बेकर टिल्ली देव एशोसिएट्स चार्टड एकाउण्टेण्टस्लाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरिक्षण शुल्क कर बाहेक रु. २००,०००।- पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।

४. **सर्वसाधारण शेयरधनी ( समुह ख) बाट प्रनिनिधित्व गर्ने १ ( एक) जना संचालकको निर्वाचन गर्ने ।**

कम्पनी नियमावली अनुसार समूह "ख" अन्तर्गतका सर्वसाधारण शेयरधनिहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने १ जना संचालक पदको लागि भएको निर्वाचनमा १ जना श्री बिनोद कुमार प्याकुरेल ( प्रतिनिधि: प्रुडेन्सियल क्यापिटल म्यानेजमेण्ट कम्पनी प्रा.लि.) को मात्र उम्मेदवारी परेकाले श्री बिनोद कुमार प्याकुरेल निर्विरोध निर्वाचित हुनु भएकाले उक्त निर्वाचनको परिणामलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

५. **संचालक समितिका पदाधिकारीहरुलाई पत्रपत्रिका र मोवाईल खर्च बापत मासिक रुपमा रु. ६,०००।- उपलब्ध गराउने प्रस्ताव पारित गर्ने ।**

कम्पनी संचालक समितिका पदाधिकारीहरुलाई पत्रपत्रिका र मोवाईल खर्च वापत मासिक रुपमा रु. ६,०००।- उपलब्ध गराउने प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष राख्नु भएकोमा संचालक समितिका पदाधिकारीहरुलाई पत्रपत्रिका र मोवाईल खर्च वापत मासिक रुपमा रु. ६,०००।- बीमा समितिको स्वीकृती लिई उपलब्ध गराउने निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।

**ख. विशेष प्रस्तावतर्फ :**

१. **कम्पनीको अधिकृत पुंजी रु ५०,००,००,००० (पचास करोड) रहेकोमा सो अधिकृत पुंजीलाई बृद्धि गरि रु २,००,००,००,००० (दुई अर्व) कायम गर्ने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संसोधन गर्ने ।**

कम्पनीको अधिकृत पुंजी रु ५०,००,००,००० (पचास करोड) रहेकोमा सो अधिकृत पुंजीलाई बृद्धि गरि रु २,००,००,००,००० (दुई अर्व) कायम गर्ने र सोही बमोजिमको व्यवस्था प्रबन्धपत्रमा संसोधन गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले पेश गर्नु भएकोमा सभाबाट कम्पनीको अधिकृत पुंजी रु ५०,००,००,००० (पचास करोड) लाई बृद्धि गरि रु २,००,००,००,००० (दुई अर्व) कायम गर्ने र सो बृद्धि गरिएको पुँजीलाई प्रबन्धपत्रमा संसोधन गर्ने निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।

**२. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ४:१ अर्थात ४ शेयर बराबर १ हकप्रद शेयर निश्कासन गर्ने प्रस्ताव पारित गर्ने । उक्त हकप्रद शेयर निश्कासन पश्चात हुने शेयर संरचना बमोजिम जारी तथा चुक्ता पूंजीलाई तद्अनुरुप बृद्धि गरि रु. ६२,५०,००,०००।- (बैसट्ठी करोड पचास लाख) कायम गर्ने र सो अनुरुप कम्पनीको प्रबन्धपत्रमा संसोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ४:१ अर्थात ४ शेयर बराबर १ हकप्रद शेयर निश्कासन गर्ने प्रस्ताव पारित गर्ने तथा उक्त हकप्रद शेयर निश्कासन पश्चात हुने शेयर संरचना बमोजिम जारी तथा चुक्ता पूंजीलाई तद्अनुरुप बृद्धि गरि रु. ६२,५०,००,०००।- (बैसट्ठी करोड पचास लाख) कायम गर्ने र सो अनुरुप कम्पनीको प्रबन्धपत्रमा संसोधन गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा कम्पनीको चुक्ता पूंजीको ४:१ अर्थात ४ शेयर बराबर १ हकप्रद शेयर निश्कासन गर्ने, उक्त हकप्रद शेयर निश्कासन पश्चात हुने शेयर संरचना बमोजिम जारी तथा चुक्ता पूंजीलाई तद्अनुरुप बृद्धि गरि रु. ६२,५०,००,०००।- (बैसट्ठी करोड पचास लाख) कायम गर्ने र सो हकप्रद शेयर निश्कासन पश्चात बृद्धि हुने जारी तथा चुक्ता पुँजीलाई कम्पनीको प्रबन्धपत्रमा संसोधन गर्ने निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।

**३. कम्पनीको संचालक समितिमा संस्थापक समूहबाट ४ जना, सर्वसाधारण समूहबाट २ जना र १ जना स्वतन्त्र संचालक रहने गरि ७ जनाको संचालक समिति कायम गर्ने प्रस्ताव पारित गर्ने र सोही बमोजिम नियमावलीमा संसोधन गर्ने ।**

कम्पनीको संचालक समितिमा संस्थापक समूहबाट ४ जना, सर्वसाधारण समूहबाट २ जना र १ जना स्वतन्त्र संचालक रहने गरि ७ जनाको संचालक समिति कायम गर्ने र सोही बमोजिम नियमावलीमा संसोधन गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष राख्नु भएकोमा प्रस्ताव बमोजिम संचालक समितिमा संस्थापक समूहबाट ४ जना, सर्वसाधारण समूहबाट २ जना र १ जना स्वतन्त्र संचालक रहने गरि ७ जनाको संचालक समिति कायम गर्ने र सो का लागि नियमावलीमा संसोधन गर्ने निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।

**४. बिशेष प्रस्तावको बुँदा नं १, २ र ३ मा उल्लेख भए बमोजिमका प्रावधानहरु कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संसोधनका लागि नियमनकारी निकायबाट कुनै संसोधन वा फेरबदल गर्न सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक संसोधन वा फेरबदल सम्बन्धी सम्पूर्ण आवश्यक कार्य गर्नका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गर्ने ।**

बिशेष प्रस्तावको बुँदा नं १, २ र ३ मा उल्लेख भए बमोजिमका प्रावधानहरु कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संसोधनका लागि नियमनकारीबाट कुनै संसोधन वा फेरबदल गर्न सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक संसोधन वा फेरबदल सम्बन्धी सम्पूर्ण आवश्यक कार्य गर्नका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सभाले सर्वसम्मत रुपमा पारित गऱ्यो ।

<u>प्रबन्धपत्रको दफा ६(क), ६(ख), ६(ग) तथा नियमावलीको नियम ३१ (१) र ३१(२) संग सम्बन्धित संसोधन प्रस्ताव</u>

प्रबन्धपत्र तर्फको संशोधन

| दफा | हालको व्यवस्था | संशोधन हुने प्रस्ताव | संशोधनको औचित्यता |
|---|---|---|---|
| ६(क) | कम्पनीको अधिकृत पूजी रु. ५०,००,००,०००।-(पचास करोड) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० का दरले ५०,००,०००।- (पचास लाख) थान शेयरमा | कम्पनीको अधिकृत पूजी रु. २,००,००,००,०००।-(दुई अर्ब) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० का दरले २,००,००,०००।-(दुई करोड) थान शेयरमा बिभाजन गरिएको छ । | कम्पनीको अधिकृत पूंजी बृद्धि गरि कम्पनीको आर्थिक सक्षमता अभिबृद्धि गर्न आवश्यक भएकाले । |

| | | | |
|---|---|---|---|
| ६(क) | कम्पनीको अधिकृत पूजी रु. ५०,००,००,०००।-(पचास करोड) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० का दरले ५०,००,०००।- (पचास लाख) थान शेयरमा बिभाजन गरिएको छ । | कम्पनीको अधिकृत पूजी रु. २,००,००,००,०००।-(दुई अर्ब) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० का दरले २,००,००,०००।-(दुई करोड) थान शेयरमा बिभाजन गरिएको छ । | कम्पनीको अधिकृत पूंजी बृद्धि गरि कम्पनीको आर्थिक सक्षमता अभिबृद्धि गर्न आवश्यक भएकाले । |
| ६(ख) | कम्पनीले तत्काल जारी गर्ने शेयर पुंजी रु. ५०,००,००,०००।-( पचास करोड ) हुनेछ । सो चुक्ता पुंजीलाई प्रतिशेयर रु. १००।- का दरका ५०,००,०००।- (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीले तत्काल जारी गर्ने शेयर पुंजी रु. ६२,५०,००,०००।-(बैसट्ठी करोड पचास लाख ) हुनेछ । सो पुंजीलाई प्रतिशेयर रु. १००।- का दरका ६२,५०,०००।- (बैसट्ठी लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | सातौं बार्षिक साधारण सभाबाट ४:१ अर्थात ४ बराबर १ हकप्रद शेयर प्रदान गर्ने भए बमोजिम कम्पनीको जारी पुंजी बृद्धि गर्न आवश्यक भएकाले । |
| ६(ग) | कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कवोल गरेको पूंजी रु. ३५,००,००,०००।- (पैतिस करोड) तथा सर्वसाधारणबाट रु. १५,००,००,०००।- (पन्ध्र करोड) हुनेछ । | कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कवोल गरेको पूंजी रु. ४३,७५,००,०००।- (त्रिचालिस करोड पचहत्तर लाख) तथा सर्वसाधारणबाट रु. १८,७५,००,०००।- (अठार करोड पचहत्तर लाख) गरि जम्मा रु. ६२,५०,००,०००।-(बैसट्ठी करोड पचास लाख ) हुनेछ । | सातौं बार्षिक साधारण सभाबाट ४:१ अर्थात ४ बराबर १ हकप्रद शेयर प्रदान गर्ने भए बमोजिम कम्पनीको चुक्ता पुंजी बृद्धि हुने भएकाले । |

नियमावली तर्फको संसोधन

| नियम, उपनियम | हालको व्यवस्था | संशोधन हुने प्रस्ताव | संसोधनको औचित्यता |
|---|---|---|---|
| ३१ (१) | समूह "क" संस्थापक शेयरधनिहरु मध्येबाट ५(पाँच) जना | समूह "क" संस्थापक शेयरधनिहरु मध्येबाट ४(चार) जना । | कम्पनीमा संचालकहरुको "क" समूह अन्तर्गतको शेयर स्वामित्वका आधारमा प्रतिनिधित्व अनुपात मिलाउन आवश्यक भएकाले । |
| ३१(२) | समूह "ख" सर्वसाधारण शेयरधनिहरु मध्येबाट १ (एक) जना । | समूह "ख" सर्वसाधारण शेयरधनिहरु मध्येबाट २ (दुई) जना । | कम्पनीमा संचालकहरुको "ख" समूह अन्तर्गतको शेयर स्वामित्वका आधारमा प्रतिनिधित्व अनुपात मिलाउन आवश्यक भएकाले । |

**ग) विविध अन्तर्गत**

विविध अन्तर्गत छलफलका लागि अन्य बिषयहरु नभएको भनी सभाका अध्यक्षज्यूले सभा समक्ष जानकारी गराउनु भयो ।

**१०. धन्यवाद ज्ञापन**

संचालक समितिका सदस्य स्वत्रन्त्र संचालक श्री गंगा प्रसाद शर्माले उपस्थित शेयरधनि महानुभावहरु, कर्मचारीहरु, नियाक निकाय बीमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, शेयर रजिष्ट्रार नविल इन्भेष्मेण्ट बैंकिङ लि. साथै सरोकारवाला सवै कार्यालयहरु तथा महानुभावहरुलाई कम्पनीको सातौं बार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्नु भएकोमा धन्यवाद दिनुभयो ।

**११. सभा बिसर्जन**

कम्पनीको सातौं बार्षिक साधारण सभामा उपस्थित शेयरधनि महानुभावहरुले कम्पनीको उन्नती र प्रगतीको लागि अमुल्य सुझाव दिनु भएकोमा धन्यवाद तथा आभार व्यक्त गर्दै सभाका अध्यक्षज्यूले सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

..................................

ईश्वर कुमार सेडाई
कम्पनी सचिव

..................................

महेश कुमार अग्रवाल
संचालक